आज मिति २०७७।१०।२१ गते सोमबारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा यस न.पा.को नगर कार्यपालिकाको ११४ औं बैठक तपसिलका पदाधिकारीहरु ज्यूहरुको उपस्थितिमा बसियो ।

| क्र.स. | पद | नाम थर | सम्पर्क मो. नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री खगेन्द्र राई | ९८५२८४४०५७ | |
| २ | नगर उपप्रमुख | श्री रीता कुमारी चौधरी | ९८५२८४४०५८ | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | श्री धुवराज आचार्य | ९८५२८४४०४७ | |
| ४ | अध्यक्ष वडा नं. १ | श्री रोहितमान तामाङ्ग | ९८६२९२६२०६ | |
| ५ | अध्यक्ष वडा नं. २ | श्री सन्तोष सुवेदी | ९८१९७४४१२८ | |
| ६ | अध्यक्ष वडा नं. ३ | श्री पर्शुराम राई | ९८१४७३४८५५ | |
| ७ | अध्यक्ष वडा नं. ४ | श्री चरण कुमार राई | ९८०५९९९७०० | |
| ८ | अध्यक्ष वडा नं. ५ | श्री देवनारयण चौधरी | ९८६२८१६६५६ | |
| ९ | अध्यक्ष वडा नं. ६ | श्री कमलध्वज राई | ९८११९८९५१८ | |
| १० | अध्यक्ष वडा नं. ७ | श्री तेजराज तिम्सिना | ९८४२८५५९५० | |
| ११ | अध्यक्ष वडा नं. ८ | श्री गड्डुड बहादुर वि.क. | ९८५२८४४०४९ | |
| १२ | अध्यक्ष वडा नं. ९ | श्री प्रकाश राउत | ९८५२८३५२०८ | |
| १३ | अध्यक्ष वडा नं. १० | श्री राम कुमार खडका | ९८४२९८५०९६ | |
| १४ | नगर कार्यपालिका सदस्य | श्री देवी कार्की | ९८१५७५६०६६ | |
| १५ | नगर कार्यपालिका सदस्य | श्री मदन कुमारी कार्की | ९८०७७६७२४५ | |
| १६ | नगर कार्यपालिका सदस्य | श्री जानुका कमर | ९८४२१५४९४ | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री सुन्दर प्रकाश शाह | ९८१५७१३९६० | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री अस्मिता सार्की | ९७४१३६९३६२ | अस्मिता |
| १९ | नगर कार्यपालिका सदस्य | श्री विमला राई | ९७४१४११७७८ | |
| २० | नगर कार्यपालिका सदस्य | श्री प्रमीला दनुवार | ९८०३९९६६८८ | |

## प्रस्तावहरु

१. भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति सम्बन्धमा ।
२. वडाहरुबाट सार्वजनीक जग्गाहरुको विवरण संकलन साथै निवेदन तथा सिफारिस शुल्क सम्बन्धमा ।
३. नगर अस्पतालको लागि कर्मचारीहरुको दरबन्दी कायम गर्ने सम्बन्धमा ।
४. नगर अस्पतालको जग्गा प्राप्ती सम्बन्धमा ।
५. वडा नं-५ मा शहरी स्वास्थ्य केन्द्र संचालन सम्बन्धमा ।
६. निर्माण इजाजत सम्बन्धमा ।
७. औषधी उपचार आर्थिक सहयोग सम्बन्धमा ।
८. विपद राहत उपलब्ध गराउने सम्बन्धमा ।
९. बेलपार्क हेरालु धन बहादुर विष्टको माग सम्बन्धमा ।
१०. जिल्ला भित्रका सिमाना जोडिएका पालिकाको लागि भूमि सम्बन्धी सिफारिस सम्बन्धमा ।
११. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको अनुमोदन सम्बन्धमा ।
१२. राहत सम्बन्धमा ।

## छलफल तथा निर्णयहरु

निं.नं.१ प्रस्ताव नं.१ माथि छलफल गर्दा यस न.पा. क्षेत्रमा रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन सम्बन्धी उत्पन्न हुन सक्ने भूमि सम्बन्धी समस्या समाधानको लागि वडास्तरीय र नगर स्तरीय सहजीकरण समिति गठन भएको हुँदा उक्त समितिको काम जिम्मेवारी समेत लाई सहयोग गर्दै कार्यविधि बमोजिम मनोनित सदस्यहरुलाई मासिक ३ वटा सम्म बैठकको भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निं.नं.२ प्रस्ताव नं.२ माथि छलफल गर्दा हाल यस न.पा. क्षेत्रमा भूमि — व्यवस्थापन सम्बन्धि कार्य संचालन भई रहेको हुँदा यस न.पा.का सबै वडाहरुले आफ्नो वडाको लागि सरकारी, संघ संस्थागत, सार्वजनीक निकायहरुको लागि आवश्यक हुने उपयुक्त जग्गाहरुको पहिचान गरी सम्बन्धित क्षेत्र वा निकायहरुको नाममा जग्गा प्राप्ती गर्नको लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो । साथै सो विवरण यथाशक्य छिटो संकलन गरी नगरपालिका पठाउने निर्णय गरियो । साथै भूमि व्यवस्थापन सम्बन्धि कामको लागि — नागरिकहरुले भर्ने निवेदन तथा सो को लागी आवश्यक सिफारिस दस्तुर सबै वडाबाट निशुल्क गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा नगर अस्पताल वेलटार, उदयपुरको दरवन्दी तेरिज निम्नानुसार स्वीकृत गर्ने सर्व सहमत निर्णय गरियो ।

| सि.नं. | पद नाम | तह । श्रेणी | सेवा | समुह | स्वीकृत दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | मेडिकल सुपरिटेन्डेन्ट | ९ । १० | नेपाल स्वास्थ्य | जनरल हेल्थ सर्भिसेज | 1 | |
| 2 | मेडिकल अधिकृत | ८ | नेपाल स्वास्थ्य | जनरल हेल्थ सर्भिसेज | 3 | |
| 3 | प्रशासन सहायक(ना.सु.) | ५ | नेपाल प्रशासन | सामान्य प्रशासन | 1 | |
| 4 | सि.अ.हे.व. । हे.अ. | ५ । ६ । ७ | नेपाल स्वास्थ्य | हेल्थ इन्स्पेक्सन | 5 | |
| 5 | सि.अ.न.मी. । स्टाफ नर्स | ५ । ६ । ७ | नेपाल स्वास्थ्य | प.हे.न. । जनरल नर्सिङ्ग | 5 | |
| 6 | ल्या.टे. | ५ । ६ । ७ | नेपाल स्वास्थ्य | मेडिकल ल्याव टेक्नोलोजी | 1 | |
| 7 | मे.रे.स. | ५ । ६ । ७ | नेपाल स्वास्थ्य | मे.रे. | 1 | |
| 8 | रेडियोग्राफर | ५ । ६ । ७ | नेपाल स्वास्थ्य | रेडियोग्राफी | 1 | |
| 9 | फार्मेसी असिस्टेन्ट | ५ । ६ । ७ | नेपाल स्वास्थ्य | फार्मेसी | 2 | |
| 10 | अ.हे.व. | ४ । ५ । ६ | नेपाल स्वास्थ्य | हेल्थ इन्स्पेक्सन | 3 | |
| 11 | अ.न.मी. | ४ । ५ । ६ | नेपाल स्वास्थ्य | प.हे.न. | 6 | |
| 12 | लेखा सहायक | ४ | नेपाल प्रशासन | लेखा | 1 | |
| 13 | ल्या.अ. | ४ । ५ । ६ | नेपाल स्वास्थ्य | मेडिकल ल्याब टेक्नोलोजी | 2 | |
| 14 | प्रशासन सहायक(खरिदार) | ४ | नेपाल प्रशासन | सामान्य प्रशासन | 1 | |
| 15 | कार्यालय सहयोगी | श्रेणी विहिन | नेपाल प्रशासन | सामान्य प्रशासन | 7 | |
| | | | | | 40 | |

पुनश्च नगर अस्पताल बेलटारमा कार्यरत चिकित्सक डा. नन्दनकुमार साहको हालको सेवा सुविधामा निम्नानुसार थप सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

निम्न

१.गर्भवतिको निशुल्क भिडियो एक्स रे गरे बापत मासिक रु. २५०००। (पच्चिस हजार) मिति २०७७ साल माघ १ देखि

२.पोष्टमार्टम गरेबापत प्रति पोष्टमार्टम रु.७५००। (सात हजार पाँच सय) मिति २०७७ साल श्रावण १ देखि

३. सर्प दंश उपचार प्रति केश रु. २०००। (दुई हजार) उपचार समुहलाई । मिति २०७७ साल श्रावण १ देखि

नि.नं.४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस न.पा.को वडा नं. ६ मा संचालित प्राथमिक स्वास्थ्य केन्द्र बेल्हालाई यस नपाको मिति २०७७/०८/२८ गतेको नगर कार्यपालिकाको निर्णय अनुसार नगर अस्पताल बेल्हा उदयपुर मिति २०४० सालमा भवन निर्माण भई इलाका स्वास्थ्य चौकी बेल्हारको रुपमा संचालन भएको र सोही भवनमा स्वास्थ्य चौकीको स्तरवृद्धि भई २०५६ साल देखी प्राथमिक स्वास्थ्य केन्द्रको रुपमा संचालन हुँदै आएकोमा सोही जग्गामा २०६० सालमा प्राथमिक स्वास्थ्य केन्द्रको भवन नेपाल सरकारबाट निर्माण भई हालसम्म संचालनमा रहेको र उक्त क्षेत्रको चारैतिर धेरै वर्ष देखि स्थायी रुपमा अव्यवस्थित बसोबासीहरु सहित दर्तावाला जग्गा समेत वरीपरी रहेकोले उक्त क्षेत्र घना बस्ती, पक्की सडक र अन्य विभिन्न सरकारी कार्यालयहरु समेत रहेको क्षेत्र भएको र २०४० सालदेखी स्वास्थ्य संस्थाले उपभोग गरेको ऐलानी प्रति जग्गा करिब १-०-० (१ विघा) र दर्ता भएको स्वास्थ्य संस्थाको जग्गा ०-१०-० (दश कठ्ठा) समेत गरी १-१०-० (डेढ विघा) जग्गा रहेकोले उक्त क्षेत्रमा रहेको करिब १-०-० (एक विघा) जग्गा नपा बाट आफैंमा रखाई नक्शा समेत तयार भएकोले उक्त सम्पूर्ण जग्गा स्वास्थ्य संस्थाले उपभोग गर्ने भएकोले प्राथमिक स्वास्थ्य केन्द्र बेल्हार (नगर अस्पताल बेल्हा) को पूर्ण स्वामित्व हुने गरी नपा बाट समेत हस्तान्तरण गरेकोले उक्त जग्गा आधारभूत अस्पताल निर्माणकालागी पर्याप्त र उपर्युक्त भएकोले उक्त जग्गामा १५ बेडको आधारभूत अस्पताल भवन निर्माणको लागी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सिफारिस गर्ने निर्णय गरियो । साथै उक्त जग्गा १५ बेडको आधारभूत अस्पताल निर्माणको लागी उक्त अस्पतालको नाममा प्राप्ती हुने व्यवस्थाको लागि भूमि, व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो साथै उक्त जग्गा प्राप्तिको आवश्यक प्रक्रियाको लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो।

नि.नं.५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस न.पा.को वडा नं. ५ मा कार्यरत स्वास्थ्य कर्मीहरु बाट स्वास्थ्यकर्मी र कर्मचारीहरुको -को स्वास्थ्य चौकी व्यवस्थापन हुने गरी उक्त वडाको शिवाइमा शहरी स्वास्थ्य केन्द्र संचालन गर्ने निर्णय गरियो ।

नि.नं.५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस न.पा.को विभिन्न वडाहरुमा कार्यालय राखी सञ्चालन गर्ने गरी नियमानुसार दर्ता हुन आएका तपसिल अनुसारका फर्महरुलाई यस नपाको 'घ' वर्गको निर्माण ईजाजत सम्बन्धि कार्यविधि,२०७५ बमोजिम निर्माण इजाजत दिने निर्णय गरियो ।

तपसिल

१. शिवमन्त्र निर्माण सेवा, चौ.न.पा.१० - प्रो॰ सुशील खत्री
२. खिमदाङ्ग कन्स्ट्रकशन, चौ.न.पा.५ - प्रो॰ संग्राम सिंह राई
३. आर्कइम्याजिन इन्जिनियरिङ्ग, चौ.न.पा.७ - प्रो॰ प्रवेश राई

नि.नं.७ प्रस्ताव नं.७ माथि छलफल गर्दा यस न.पा.को विभिन्न वडाहरुबाट विपन्न नागरिकहरुको लागि औषधी उपचार आर्थिक सहयोगको लागि सिफारिस भई आएको हुँदा तपसिल अनुसार आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

| सि.न. | बिरामी नामथर | ठेगाना | रोगको किसिम | आर्थिक सहयोग | मो.न. | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | श्री फुलकुमारी विश्वकर्मा | चौ न पा ७ | दम | 5000 | 9816771271 | |
| 2 | श्री नान्सी राई | चौ न पा ३ | मृगौला रोग | 50000 | | आमा रुपा राई |
| 3 | श्री गुणराज खड्का | चौ न पा ४ | मुटु रोग | 10000 | 9860590691 | |
| 4 | श्री नैनसिंह खड्का | चौ न पा ४ | मुटु रोग | 10000 | | |
| 5 | श्री मिलन तामाङ | चौ न पा ७ | स्पाइनल इन्जुरी | 50000 | | |
| 6 | श्री बालकुमारी थापा | चौ न पा २ | क्यान्सर | 50000 | 9862918740 | |
| 7 | श्री मोहन वि.क. रामकुमार | चौ न पा ५ | स्पाइनल इन्जुरी | 15000 | | १ पटक लिइसकेको |
| 8 | श्री धनबहादुर खड्का | चौ न पा ६ | स्पाइनल इन्जुरी | 50000 | | |

नि.नं.८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस न.पा.को विभिन्न वडाहरुमा विभिन्न समयमा आएका विपद्हरुमा परेका व्यक्तिहरुलाई राहतको लागि सिफारिस भई आएको हुँदा तपसिल अनुसार राहत उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

१. शशी कुमार राई - वडा नं. ६ / वडा नं.१० (बाढीले धान बगेर) रु. १०,०००/-
२. महेश कार्की - वडा नं. १० (खागोलेले लसी मारेको) रु. १५,०००/-

निर्णय नं. ९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस न.पा.को वडा नं. ६ मा रहेको बेलपार्क निर्माणको क्रममा हेरालुको रूपमा राखिएको घान बहादुर विष्टलाई मिति २०७८ साल पौष महिना सम्मको पारिश्रमिक बापत रु. ८०००।- उपलब्ध गराउने र सो भन्दा पछी सम्बन्धित टोल सुधार समितिले रेखदेख गरी रहेकोले उक्त बेलपार्कको पूर्ण रेखदेखको जिम्मा सम्बन्धित टोल विकास संस्थालाई दिने निर्णय गरियो।

निर्णय नं. १० प्रस्ताव नं. १० माथि छलफल गर्दा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यविधि, २०७८को दफा बमोजिम जिल्लाभित्रका सिमाना जोडिएका पालिकाहरूमा एक पालिकामा बसोबास भई अर्को पालिकामा अव्यवस्थित बसोबास रहेका व्यक्तिहरूको हकमा नगर कार्यपालिकाले निर्णय गर्नु पर्ने व्यवस्था रहेकोमा हाल सबै वडा अध्यक्ष ज्यूहरू भूमि सम्बन्धी कामको लागि काममा खटिनु पर्ने भएकोले कार्यपालिकाको बैठक ~~बस्न~~ नबसेको अवस्थामा समेत भएकोले त्यस्ता सिफारिसहरू सिफारिस हरू उपलब्ध गराउनु पर्ने भएकोले ~~गर्ने~~ गर्ने अधिकार सम्बन्धित वडा र सदृढीकरण समिति मार्फत प्रत्यायोजन गर्ने र त्यस्ता सिफारिस हरूलाई नगर कार्यपालिकाको बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. ११

नि.नं.१७ प्रस्ताव नं.१२ माथि छलफल गर्दा यस न.पा.को वडा नं. ८ का वडा अध्यक्ष स्व. श्यामकुमार मगर विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ को व्यवस्थापन तथा नियन्त्रणको कार्यमा अहोरात्र खटि रहेको अवस्थामा कोरोना महामारीबाट संक्रमित भई उपचारको क्रममा मृत्यु हुन गएको र निजको आश्रित परिवारलाई राहतको लागि सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएको र नेपाल सरकारबाट समेत विपदमा परि मृत्यु हुने परिवारका आश्रित परिवारलाई रु.२००,०००।- सम्म राहत उपलब्ध गराउने व्यवस्था भएबमोजिम स्व. अध्यक्ष श्यामकुमार मगरको आश्रित परिवारलाई यस न.पा.को विपद व्यवस्थापन (प्रकोप व्यवस्थापन) कोष बाट रु.२००,०००।- राहत उपलब्ध गराउने निर्णय गरियो।